धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३२५ ◆ २०८३ जेष्ठ २८ गते बिहिबार, Thursday, June 11, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/–

## कांग्रेसको क्रियाशील सदस्यता ४ लाख ५७ हजार ३६६ जनाले अद्यावधिक गरे

काठमाडौं । नेपाली कांग्रेसका महामन्त्री एवम् सदस्यता व्यवस्थापन केन्द्रीय समितिका संयोजक प्रदीप पौडेलले क्रियाशील सदस्यता समयमै अद्यावधिक गर्न नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभएको छ ।

महामन्त्री पौडेलले बुधबार एक विज्ञप्ति जारी गरी पार्टीको क्रियाशील सदस्यता अद्यावधिक गर्ने म्याद यही जेठ २८ गते राति १२ बजे समाप्त हुन लागेको जनाउँदै छुट भएकालाई अद्यावधिक गर्न आग्रह गर्नुभएको हो ।

उहाँका अनुसार क्रियाशील सदस्यता अद्यावधिक गर्न योग्य कुल सात लाख ८२ हजार २०९ जना सदस्यमध्ये आजसम्म चार लाख ५७ हजार ३६६ जनाले अद्यावधिक गरिसकेका छन् । यस्तै, एक लाख २४ हजार ७४८ जना सदस्यले अद्यावधिक फारम पेस गरी प्रक्रियामा रहेका उहाँले बताउनुभयो ।

कांग्रेसले पार्टीको आन्तरिक प्रणालीलाई प्रविधिमैत्री बनाउन र वास्तविक सदस्यको तथ्याङ्क एकीकृत गर्न यो अभियान सञ्चालन गरेको हो । धादिङमा पनि नेपाली काग्रेसले क्रियाशिल सदस्यता अद्यावधिक गराउन सक्रियताका साथ अगाडी बढेको देखिन्छ ।

# धादिङ सहित देशभरका पत्रकारहरु आन्दोलनमा, निर्णय सच्याउन माग गर्दै प्रशासनमा धर्ना

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी संवैधानिक हकको रक्षा तथा सूचना र विज्ञापनसम्बन्धी विभेदकारी र स्वेच्छाचारी निर्णय खारेजको माग गर्दै धादिङका पत्रकारहरूले मंगलबार जिल्ला प्रशासन कार्यालय धादिङको मूल गेटमा सांकेतिक धर्ना दिएका छन् ।

नेपाल पत्रकार महासंघको केन्द्रीय विरोध कार्यक्रमअन्तर्गत महासंघ धादिङ शाखाको नेतृत्वमा आयोजित धर्ना बिहान ११ बजेदेखि १२ बजेसम्म सञ्चालन गरिएको थियो। विरोध कार्यक्रममा सहभागी पत्रकारहरूले क्यामेरा भुइँमा राखेर सांकेतिक रूपमा असन्तुष्टि जनाएका थिए ।

धर्ना कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल पत्रकार महासंघ धादिङ शाखाका अध्यक्ष सीताराम अधिकारीले सरकारलाई विवादित निर्णय तत्काल सच्याउन आग्रह गर्नुभयो । उहाँले




माग सम्बोधन नभए आगामी दिनमा महासंघले थप सशक्त आन्दोलनका कार्यक्रम सञ्चालन गर्ने बताउनुभयो ।

कार्यक्रममा बोल्दै महासंघका पूर्व अध्यक्ष राजाराम शर्माले सञ्चारमाध्यमको अस्तित्व कमजोर हुँदा पत्रकारिता क्षेत्रसँगै जनसरोकारका विषयहरू प्रभावित हुने धारणा व्यक्त गर्नुभयो ।

उहाँले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणका लागि पत्रकारहरू एकजुट भएर आन्दोलनमा सहभागी हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। नेपाल पत्रकार महासंघले विरोधका कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

महासंघले आगामी २९ गते पुनः जिल्ला प्रशासन कार्यालयमा धर्ना दिने कार्यक्रम सार्वजनिक गरिसकेको छ ।

# बर्डफ्लु पुष्टि भएपछि ३८ हजार कुखुरा नष्ट

❑ *प्रत्यूष समाचारदाता*

चितवन । चितवनमा बर्डफ्लु (एभियन इन्फ्लुएन्जा एच फाइभ एन वान) सङ्क्रमण देखिएपछि ३८ हजार २०० लेयर्स कुखुरा नष्ट गरिएको छ ।

खैरहनी नगरपालिका-१ स्थित एक व्यावसायिक कुखुरा फार्ममा सङ्क्रमण पुष्टि भएपछि नियन्त्रणका लागि दानासहित कुखुरा नष्ट गरिएको हो ।

पशु सेवा कार्यालय चितवनका अनुसार यही जेठ २३ गते कुखुरामा बर्डफ्लु सङ्क्रमण भएको पुष्टि भएपछि जेठ २४ गतेदेखि कुखुरा नष्ट गर्न सुरु गरिएको कार्यालय प्रमुख डा प्रभात न्यौपानेले जानकारी दिनुभयो ।

उहाँका अनुसार लगातार तीनदिनसम्म कुखुरा नष्ट गरेपछि मङ्गलबार फार्म पूर्ण रुपमा सरसफाइ गरी सिल गरिएको हो । यस्तै सो फार्मबाट एक हजार ४०५ पेटी अण्डा, १२ टन दानासमेत नष्ट गरिएको प्रमुख डा प्रभात न्यौपानेले जानकारी दिनुभयो । "पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वरमा नमूना पठाएका थियौं । त्यहाँबाट एभियन इन्फ्लुएन्जा एच फाइभ एन वान देखिएपछि हामीले तीन दिन लगाएर कुखुरा, अण्डा र दाना नष्ट गरेका हौं", उहाँले भन्नुभयो । प्रमुख डा न्यौपानेका अनुसार अन्य स्थानमा नमूना सङ्कलन गर्ने कामसमेत भइरहेको छ ।

यसअघि चैत १२ गते भरतपुर महानगरपालिका-४ स्थित एक व्यावसायिक कुखुरा फार्ममा सङ्क्रमण पुष्टि भएपछि १७ हजार ८७० लेयर्स कुखुरा र नजिकैको अर्को फार्मबाट ९३५ स्थानीय कुखुरा नष्ट गरिएको थियो । नेपालमा कुखुराजन्य क्षेत्रमारु ७० अर्बभन्दा बढी लगानी छ ।

# तीन सय ५० सेवाग्राहीको घरमै राहदानी

❑ *प्रत्यूष समाचारदाता*

तनहुँ । सरकारी सेवालाई नागरिकको घरदैलोमै पुर्‍याउने अभियानअन्तर्गत नेपाल सरकारले सञ्चालन गरेको घरमै राहदानी वितरण सेवा तनहुँमा प्रभावकारी बन्दै गएको छ ।
नेपाल सरकारको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीअन्तर्गत सरकारी कागजात नागरिकको घरमै पुर्‍याउने लक्ष्यअनुसार तनहुँमा सुरु गरिएको उक्त सेवाबाट हालसम्म ३५० जना सेवाग्राही लाभान्वित भएको सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले जानकारी दिनुभयो ।

सरकार मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको बुँदा नम्बर २७ मा सरकारी सेवालाई घरदैलोमै पुर्‍याउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी 'गभर्नमेन्ट कुरियर सर्भिस'को रूपमा विकास गर्ने तथा राहदानी, नागरिकताको प्रतिलिपि, सवारी चालक अनुमतिपत्रलगायत सरकारी कागजात घरमै पुर्‍याउने व्यवस्था लागू गर्ने उल्लेख छ ।

सोही नीतिअनुसार जिल्ला प्रशासन कार्यालय तनहुँले हुलाक कार्यालयमार्फत गत वैशाख ४ गतेदेखि राहदानी वितरण सेवा घरदैलोमै पुर्‍याउने कार्यक्रम सुरु गरेको हो । जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालय तनहुँबीचको सहकार्यमा सञ्चालन भइरहेको उक्त सेवाअन्तर्गत जिल्ला प्रशासन कार्यालयबाट राहदानी तयार भएपछि जिल्ला हुलाक कार्यालयले त्यसलाई सेवाग्राहीको घर वा सेवाग्राहीले तोकेको स्थानमा पुर्‍याउने व्यवस्था मिलाइएको सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले बताउनुभयो ।

रेग्मीले नागरिकलाई सहज, छिटो र झन्झटरहित सेवा प्रदान गर्ने उद्देश्यले घरमै राहदानी वितरण कार्यक्रम सुरु गरिएको र प्रभावकारी बन्दै गएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "राहदानी लिनका लागि सेवाग्राहीले फेरि जिल्ला प्रशासन कार्यालयसम्म आउनुपर्ने बाध्यता हटेको छ । हुलाक कार्यालयमार्फत राहदानी सिधै घर वा सेवाग्राहीले तोकेको स्थानमा पुर्‍याउने व्यवस्था गरिएकाले समय, श्रम र यातायात खर्चको बचत भएको छ ।"

रेग्मीका अनुसार सेवा सुरु भएको छोटो अवधिमै नागरिकबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । विशेषगरी ज्येष्ठ नागरिक, महिला, विद्यार्थी, वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका नागरिक तथा दुर्गम क्षेत्रका सेवाग्राहीलाई यस सेवाले ठूलो राहत दिएको उहाँले बताउनुभयो । "सरकारी सेवा नागरिकमैत्री र प्रविधिमैत्री बनाउन सरकार लागिपरेको छ । नागरिकलाई सेवा लिन कार्यालय धाउनुपर्ने अवस्थाको अन्त्य गर्दै सेवा नै नागरिकसम्म पुर्‍याउने अवधारणाअनुसार यो कार्यक्रम सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो ।

रेग्मीका अनुसार व्यास नगरपालिकामा सबैभन्दा बढी ९५ जना सेवाग्राहीले घरमै राहदानी प्राप्त गरेका छन् । त्यसैगरी भानु नगरपालिकामा ७३, शुक्लागण्डकी नगरपालिकामा ६८, भिमाद नगरपालिकामा ३८, घिरिङ गाउँपालिकामा २९, आँबुखैरेनी गाउँपालिकामा २६, म्याग्दे गाउँपालिकामा १७ तथा बन्दीपुर गाउँपालिकामा चार जनाले उक्त सेवा प्राप्त गरेका छन् ।

आगामी दिनमा राहदानी मात्र नभई अन्य सरकारी कागजातको वितरणलाई थप व्यवस्थित र प्रभावकारी बनाउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले घरमै राहदानी वितरण सेवाले नागरिकको समय बचत गर्नुका साथै सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

सम्पादकीय ....

## सन्दर्भ : शुसासन

## न्यायालयप्रतिको विश्वास जोगाउन अब ढिलाइ नगरियोस्

लोकतान्त्रिक शासन व्यवस्थाको प्रमुख आधारमध्ये एक हो–स्वतन्त्र, निष्पक्ष र विश्वसनीय न्यायालय । नागरिकले अन्तिम न्यायको आशा गर्ने थलो न्यायालय नै हो । त्यसैले न्यायालयभित्र हुने प्रत्येक निर्णय, व्यवहार र प्रक्रिया कानुन, नैतिकता तथा पारदर्शिताको उच्च मापदण्डमा आधारित हुनुपर्छ । तर पछिल्ला केही घटनाक्रमले न्यायिक क्षेत्रप्रति जनविश्वासमा प्रश्न उठ्न थालेको संकेत गरेका छन्, जुन कुनै पनि सभ्य समाजका लागि चिन्ताको विषय हो ।

सामान्यतः न्यायालयभित्र अन्यायको कल्पना गरिँदैन । नागरिकले प्रशासन, राजनीति वा अन्य निकायबाट न्याय नपाए पनि अदालतबाट निष्पक्ष निर्णय प्राप्त हुने अपेक्षा राख्छन् । तर अदालतभित्रै निर्णय प्रक्रियाको पारदर्शिता, सुशासन र जवाफदेहितामाथि प्रश्न उठ्न थाले भने त्यसले समग्र न्याय प्रणालीको विश्वसनीयतालाई कमजोर बनाउँछ । न्यायालयप्रति नागरिकको विश्वास कमजोर हुनु भनेको राज्यका आधारभूत संस्थामाथिको भरोसा कमजोर हुनु हो ।

धादिङ जिल्ला अदालतसँग सम्बन्धित एउटा मुद्दामा एउटै निवेदनमा छोटो समयको अन्तरालमा फरक-फरक प्रकृतिका आदेश जारी भएको विषय सामाजिक सञ्जाल र सार्वजनिक बहसको केन्द्र बनेको छ । यस्ता घटनाको कानुनी र प्रक्रियागत पक्ष के हो भन्ने विषय सम्बन्धित निकायले स्पष्ट पार्नुपर्छ । अदालतका निर्णयमाथि कानुनी समीक्षा र पुनरावलोकनको व्यवस्था भए पनि सार्वजनिक रूपमा उठेका शंका र जिज्ञासाको उचित सम्बोधन हुनु आवश्यक हुन्छ । अन्यथा अफवाह, अविश्वास र भ्रमले स्थान पाउँछ ।

न्यायालयभित्र कार्यरत सबै राष्ट्रसेवक कर्मचारी तथा न्यायिक अधिकारीहरूको आचरण, जिम्मेवारीबोध र व्यावसायिक नैतिकता सधैं उच्च हुनुपर्छ । न्याय सम्पादनमा देखिने कुनै पनि कमजोरी, ढिलासुस्ती, अपारदर्शिता वा अनियमिततामाथि शून्य सहनशीलताको नीति अपनाइनुपर्छ । त्यसका लागि न्याय परिषद्, न्याय प्रशासनसम्बन्धी निकाय तथा सरकार सबै गम्भीर बन्न आवश्यक छ ।

सामाजिक सञ्जालमा बहस चर्किँदैमा मात्र समस्या समाधान हुँदैन । सरोकारवाला निकायले तथ्यगत छानबिन, आवश्यक सुधार र जवाफदेहिता सुनिश्चित गर्नुपर्छ । न्यायालयप्रतिको जनविश्वास जोगाउनु केवल न्यायिक क्षेत्रको मात्र होइन, लोकतन्त्र र विधिको शासन जोगाउने राष्ट्रिय दायित्व पनि हो । त्यसैले उठिरहेका प्रश्नहरूको निष्पक्ष सम्बोधन गर्दै न्याय प्रणालीलाई अझ पारदर्शी, उत्तरदायी र विश्वासिलो बनाउने दिशामा अब ढिलाइ गरिनु हुँदैन ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।



प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन ०१०–५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


# विकट गाउँको स्वास्थ्य सेवा , संघर्ष र समर्पणका ती अविस्मरणीय दिनहरू



कृष्ण बहादुर पौडेल (बद्री)

समयको गतिसँगै प्रविधि, सुविधा र भूगोलहरू बदलिए, तर स्मृतिहरू कहिल्यै पुराना नहुँदा रहेछन् । आजभन्दा झन्डै २८ वर्षअघि, अर्थात् २०५४ सालको माघ महिना, भर्खरै अहेव (AHW) को पढाई सकेर सरकारी स्वास्थ्य सेवामा पाइला टेक्दाको त्यो जोस र उमङ्ग हिजो जस्तै लाग्छ । मेरो पहिलो सरकारी सेवा थियो- साविकको रि गाउँ विकास समिति (रि. गा.वि.स.), धादिङमा ।

त्यतिबेला धादिङबेसी सदरमुकामबाट रि गाउँ पुग्न १३ कोषको पैदल दुरी पार गर्नुपर्थ्यो । आज किलोमिटरमा हिसाब गर्दा त्यो झन्डै ५२/५३ किलोमिटर हुन आउँछ । बाटोघाटोको सुविधा नहुँदा उकाली-ओराली र भिरपाखा गर्दै झन्डै १२ देखि १३ घण्टा निरन्तर हिँडेपछि मात्र कार्यक्षेत्रमा पुगिन्थ्यो। म भर्खरको ठिटो, किताबी ज्ञान बोकेर 'रि उप-स्वास्थ्य चौकी' प्रमुखको जिम्मेवारी सम्हाल्न त्यहाँ पुगेको थिएँ ।

नेपालमा २०४७ सालको राजनीतिक परिवर्तनपछि २०४८ सालमा नेपाली कांग्रेसको एकमना बहुमतको सरकार गठन भएको थियो । सो सरकारले 'प्रत्येक गा.वि.स.मा कम्तीमा एक स्वास्थ्य संस्था स्थापना गर्ने' एउटा ऐतिहासिक नीति ल्याएको रहेछ । सोही नीति अनुरूप २०४९ सालमा 'रि उप-स्वास्थ्य चौकी' स्थापना भएको थियो । म २०५४ /१०/२९ मा त्यहाँ पुग्दा संस्था स्थापना भएको ५ वर्ष भइसकेको थियो ।

भर्खर पढाइ सकेर गएको मलाई प्रशासनिक कामकारबाही, चिठीपत्र र कार्यालय सञ्चालनको खासै व्यावहारिक ज्ञान थिएन । तर, त्यहाँ कार्यरत ग्रामीण स्वास्थ्य कार्यकर्ता (ग्रा.स्वा.का.) कुल रत्न शाक्य दाइ मेरा लागि मार्गदर्शक बन्नुभयो । उमेरले म सानो भए पनि उहाँले मलाई कहिले 'भाइ' त कहिले 'सर' भन्दै सम्मान र मायाका साथ कार्यालयका हरेक प्रशासनिक कुराहरू सिकाउनुभयो । उहाँको त्यो निष्कपट सहयोग मेरो करियरको बलियो जग बन्यो ।

म स्वास्थ्य सेवामा लाग्नुको पछाडि मेरो आफ्नै इच्छा मात्र थिएन, बुबाको ठुलो प्रेरणा र आशीर्वाद थियो । दुई वर्ष वैदेशिक रोजगारीको सिलसिलामा विदेश बसेर फर्किएपछि मलाई बुबाले भन्नुभएको थियो, "जसरी पनि स्वास्थ्य पेसामा लागेर घरपरिवार र अन्य नागरिकको सेवा गर्नुपर्छ ।" आमाबुबाको त्यही वचनलाई शिरोधार्य गर्दै म अहोरात्र सेवामा खटिएँ । आज मेरा तिनै पूजनीय बुबा ९० वसन्त पार र पूजनीय आमा ८२ वर्ष को हुनु हुन्छ , उहाहरुलाई थोरै पनि स्वास्थ्य समस्या हुँदा आफैँले औषधि ल्याएर खुवाउन पाउँदा र उहाहरुको सेवा गर्न पाउँदा मनमा अगाध सन्तोष हुन्छ ।

चार वर्षको त्यो बसाईंमा मैले रि गा.वि.स.को सायदै कुनै पनि बस्ती छोडिन होला । सल्लेरी, दोरोङ्ग, रि गाउँ, कुताल, स्याक्तली, तावल, धुसेनी, चोके, ईबी, रिचेत, ताजिम्राङ, किचेत, र आन्द्राङ जस्ता विकट बस्तीहरूमा पुगेर कयौं रात बिरामीकै घरमा बास बसेको छु । त्यो चार वर्षमा मैले हजारौं बिरामीको उपचार गरेँ र सयौंको ज्यान बचाउन सकेँ । त्यो मेरो पद, जिम्मेवारी र कर्तव्य नै थियो । तर, आजको जस्तो न त त्यहाँ ल्याब (Lab) थियो, न एक्स-रे (X–Ray) मेसिन । बिरामीको लक्षण (Symptoms) र शारीरिक चिन्ह (Signs) हेरेकै भरमा रोग पत्ता लगाएर औषधि दिनुपर्थ्यो । अहिलेको जस्तो उच्च कोटी र धेरै प्रकारका औषधिहरू पनि हुँदैनथे । तर अचम्म, त्यतिबेला थोरै र साधारण औषधिले पनि बिरामीहरू निको हुन्थे । गाउँको त्यो परिवेश निकै कारुणिक र भावनात्मक हुन्थ्यो । राति बिरामी जाँच्न जाँदा औषधि खाएपछि बिरामी चुपचाप भयो भने आफन्तका अनुहारमा खुसीको सीमा हुँदैनथ्यो । तर बिरामी अलि बढी च्यापियो भने घरभरि रुवाबासी चल्थ्यो । हामी जम्मा ४ जनाको स्टाफ थियौं । विकट ठाउँ, साँघुरो र अप्ठ्यारो बाटो भएकाले बिरामीलाई स्वास्थ्य चौकीसम्म बोकेर ल्याउन धेरै मानिस चाहिन्थ्यो । त्यसैले, बिरामी बोकेर ल्याउनुभन्दा स्वास्थ्यकर्मी आफैँ घर वा गोठमा पुग्नु सहज हुन्थ्यो । म रात-बिरात नभनी गोठ र घर-घरमा पुगेर सेवा गर्थें । मैले खोप सेवा र गाउँघर क्लिनिकलाई दूरदराजका बस्तीहरूसम्म विस्तार गरेँ । मृत्युको मुखबाट खोसिएको त्यो एउटा बालकको जीवन

ती हजारौं उपचारका बिच एउटा घटना भने आज पनि मेरो मानसपटलमा हिजो जस्तै ताजा भएर आउँछ । एकदिन एउटा १०/११ वर्षको बालक भेडाबाख्रा चराउन जाँदा 'अकाशमाथ भीर' बाट लडेछ । शरीरभरि चोटैचोट र रगतै-रगत भएर रगत्ताम्मे अवस्थामा आफन्तहरूले उसलाई स्वास्थ्य चौकीमा ल्याए । बालक पूर्ण रूपमा बेहोस (Unconscious) थियो ।

रुहामीसँग आधुनिक साधन-स्रोत केही थिएन। मैले बालकको गम्भीर अवस्था सरसर्ती हेरेर आफन्तहरूलाई भनेँ, "यो अवस्था निकै नाजुक छ, यहाँ उपचार हुन गाह्रो हुन सक्छ । तपाईंहरू यसलाई तुरुन्तै धादिङबेसी वा खहरे लैजानुस् ।"

तर बालकका आफन्तहरूले मान्दै मानेनन् । उनीहरूले अनुनय-विनय गरे, "हाम्रो बच्चा त बाटोमै मर्न सकछ डाक्टर साब लैजान सक्ने अवस्थै छैन । जे हुन्छ, यहीँ हुन्छ, तपाईंले यहीँ उपचार सुरु गरिदिनुस् ।" (गाउघरमा हामीलाई अहिले पनि डाक्टर नै भन्छन)

हो पनि, रगत धेरै बगेका कारण बच्चा 'हाइपोभोलामिक शक' (Hypovolemic Shock) मा गइसकेको जस्तो देखिन्थ्यो । कति पनि ढिला नगरी मैले बिरामी पक्षको अनुमति लिएर जोखिम मोल्दै उपचार सुरु गरेँ। कार्यालय सहयोगी (तत्कालीन समयमा पियन भनिन्थ्यो) धन बहादुर तामाङ र म मिलेर सबैभन्दा पहिला बालकको 'भेन ओपन' (Vein Open) गर्‍यौँ र स्लाइन दियौँ । बिरामी बेहोस नै भएकाले उसलाई लठ्याउने औषधि (Local Anesthesia) दिइरहनु पनि परेन । शरीरको धेरै भागमा गहिरा चोटहरू थिए । हामीले निकै लामो समय लगाएर ती घाउहरू सिलायौँ ।

रुत्यो रात हाम्रा लागि निकै लामो र परीक्षाको रात थियो । धन बहादुर र म रातभर पालैपालो सुत्दै, ब्युँझिँदै बालकको अवस्था नियालेर बसिरह्यौँ । भोलिपल्ट बिहान साढे आठ बजेतिर बालकले बिस्तारै आँखा खोल्यो र केही रेस्पोन्स (Response) गर्‍यो । हाम्रो छटपटी अलि शान्त भयो । बिहान १० बजेतिर त ऊ पूर्ण रूपमा होसमा आयो । मृत्युको मुखमा पुगेको बालक होसमा आउँदा हामी स्वास्थ्यकर्मी र उसका आफन्तहरूको खुसीको सीमा रहेन । त्यो साँझ हामीले उसलाई सकुशल घर पठायौँ ।

समय बदलियो, म रि गाउँबाट अन्यत्र सरुवा भएँ । तर यो कथाको सुखद अन्त २०७५ सालमा भयो । तत्कालीन रि गा.वि.स. हालको गङ्गाजमुना गाउँपालिका वडा नं. १ र २ मा एउटा स्वास्थ्य कार्यक्रमको सिलसिलामा म त्यहाँ पुगेको थिएँ । त्यहाँ संयोगवश तिनै बालक (जो अहिले युवा भइसकेका थिए) सँग मेरो भेट भयो । उनको निधारमा त्यतिबेला सिलाएको घाउको खत (Scar) अझै प्रस्ट देखिन्थ्यो । उनीसँग पुराना कुराहरू गर्दै सामान्य भलाकुसारी गरेर म फर्किएँ । एउटा स्वास्थ्यकर्मीका लागि योभन्दा ठुलो आत्मसन्तुष्टि अर्को के हुन सक्छ र ? म साविकको दार्खा गाविसमा जन्मिएकाले तामाङ भाषा राम्रो बोल्न सक्थेँ । तर रि गाउँको तामाङ भाषा अलि फरक (स्थानीय भाषिका) थियो । सुरुमा केही असजिलो भए पनि स्थानीयहरूसँग भिज्दै जाँदा केही महिनामै मैले त्यहाँको भाषा राम्रोसँग बुझ्ने र बोल्ने भएँ । जब म उनीहरूकै भाषामा दुःख-बिमार सोधपुछ गर्न थालेँ, तब स्थानीय बासिन्दासँग मेरो अपनत्व झन् प्रगाढ भयो । भाषाकै कारण उनीहरूले मलाई अगाध माया र सम्मान दिए, जसले मेरो काम गर्ने हौसला झन् बढायो । रि गाउँसँग तीनै भाइको त्रिकोणात्मक नाता पनि रहेको छ ।

रि गाउँसँग मेरो मात्र होइन, हाम्रो सिंगो परिवारको एउटा ऐतिहासिक र भावनात्मक सम्बन्ध जोडिएको थियो। मेरो जेठो दाइ गणेश पौडेलले २०४२ सालमा रि को तावलस्थित 'पासाङचोक प्रा.वि.' बाट आफ्नो शिक्षण जागिर सुरु गर्नुभएको थियो। त्यतिबेला उहाँ हालका गङ्गाजमुना गाउँपालिकाका अध्यक्ष भक्त लामाको घरमा बस्नुभएको थियो । त्यस्तै, मेरो भाइ केदार पौडेलले पनि रि कै तावलका चन्द्र तामाङसँग मिलेर व्यवसाय सुरु गरेको थियो । यसरी हामी तीनै भाइको पेसा, व्यवसाय र भावना रिको माटोसँग जोडिएको थियो ।

रुयसै क्रममा, २०५६ साल पौष १८ गते मेरो जीवनमा एउटा खुसीको क्षण आयो– म अहेव पदमा स्थायी भएँ । स्थायी भएपछि नियमअनुसार सरुवा तथा पदस्थापना भएर अन्यत्र जान खोज्दा धादिङ जिल्लाका १९ वटा स्वास्थ्य संस्थाहरूमध्ये मैले रोजेर अन्यत्र जान पाउने अवसर थियो। मेरो घर धादिङ ससाहमा र परिवार धादिङबेसी बस्ने भएकाले म पायक पर्ने ठाउँमा जान चाहन्थेँ ।

रुतर, हामीसँग पारिवारिक जस्तै नाता भएका भक्त लामाले मलाई अन्यत्र जानै दिएनन् । उनले मायालु शैलीमा रोक्दै भने, "अस्थायी हुँदा हामीकहाँ बस्ने, अनि स्थायी भएर जाने ? अन्त जान पाइँदैन ।" रि गाउँसँग हाम्रो परिवारको गहिरो गुन र सम्बन्ध भएकाले मैलेरुको त्यो आत्मीय भनाइलाई काट्न सकिनँ र स्थायी भएपछि पनि केही समय त्यहीँ बसेर सेवा गरिरहेँ ।

द्वन्द्वको छाया र मुरलीभञ्ज्याङतर्फको प्रस्थान

समय सधैँ एकनास रहेन। २०५२ सालबाट देशमा सशस्त्र जनयुद्ध सुरु भइसकेको थियो । २०५७ सालतिर आइपुग्दा रि गाउँ क्षेत्रमा पनि छिटफुट रूपमा माओवादी कार्यकर्ताहरू देखा पर्न थाले र चन्दाका कुराहरू उठ्न थाले । अर्कोतिर मेरो आफ्नै व्यावहारिक समस्या पनि थपिँदै थियो– महिनापिच्छे तलब लिन, विभिन्न प्रशासनिक काम, तालिम तथा गोष्ठीका लागि धादिङबेसी झरिरहनुपर्ने बाध्यता थियो । विकटता र पारिवारिक दूरीका कारण म सदरमुकाम नजिकै आउन चाहन्थेँ, तर ठाउँ खाली थिएन ।

संयोगवश, २०५८ सालमा मुरलीभञ्ज्याङ उप-स्वास्थ्य चौकीका प्रमुख महाबीर यादवको सरुवा भयो । त्यसपछि मेरो अनुकूलता मिल्यो र म २०५८ साल श्रावण ५ गतेदेखि मुरलीभञ्ज्याङ उप-स्वास्थ्य चौकीको प्रमुख भएर आएँ । यसरी रि गाउँको त्यो सुखद, संघर्षपूर्ण र ऐतिहासिक ४ वर्षे अध्याय पूरा भई मेरो सेवाको नयाँ यात्रा सुरु भयो ।

रि गाउँका ती डाँडापाखा, त्यहाँका सरल र निश्छल मानिसहरू, कुल रत्न शाक्य दाइको साथ, धन बहादुरको त्यो सहकार्य र लालटिनको उज्यालोमा गरिएका उपचारहरू आज मेरो जीवनका सबैभन्दा ठुला सम्पत्ति हुन् । भौतिक रूपमा आज स्वास्थ्य क्षेत्र धेरै आधुनिक भएको छ, तर सीमित साधन-स्रोतका बिच आत्मीयता र मानवीय भावनाले भरिएर सेवा गरेको त्यो कालखण्ड मेरो हृदयमा सधैँ स्वर्ण अक्षरमा कोरिइरहनेछ ।

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

# तीन दशकदेखि पानी घट्टमै जीवन धान्दै श्रेष्ठ

बागलुङ । बडिगाड गाउँपालिका-९ दर्लिङका तेजनारायण श्रेष्ठले पानी घट्ट चलाउन थालेको तीस वर्ष भयो । पानी घट्टमा अन्न पिस्दै तीन दशकअघि सुरु गरेको व्यवसाय अहिले पनि उस्तै छ । गाउँलाई प्रविधि र आधुनिकताले छोए पनि श्रेष्ठको पानी घट्टको काम पनि उसैगरी चलेको छ ।

कुटानी-पिसानी मिलले समेत प्रतिस्थापन गर्न नसकेको घट्ट ग्रामीण क्षेत्रका लागि अन्न पिस्नका लागि सहज माध्यम बनेको छ। दैनिक जीवनयापनका लागि परम्परागत पानी घट्ट सञ्चालन गरिरहेका श्रेष्ठ पानी घट्टलाई मुख्य पेसा बनाएको बताउनुभयो । श्रेष्ठले घट्टमा अन्न पिसेबापत अन्न भए एक पाथी बराबर पाँच मुठी र पैसा भए एक पाथी पिसेको रु दश लिँदै आउनुभएको छ ।

"तीस वर्षअघि आफैँले स्थापना गरेको पानीघट्ट अझै चलाउँदैछु, घर खर्च र आफूलाई पुग्ने अन्न घट्टबाटै आउँछ, पहिला खरले छाएको थियो, अहिले जस्ताले छाएको छु, मकैका लागि छुट्टै र गहुँ र कोदोका लागि छुट्टै घट्ट छ", श्रेष्ठले भन्नुभयो ।



उमेर ढल्किँदै गए पनि परम्परागत पेसालाई निरन्तरता दिइरहेको श्रेष्ठको भनाइ छ । आधुनिक प्रविधिको प्रयोग बढ्दै गएको वर्तमान समयमा पनि ग्रामीण भेगमा अझै पानी घट्ट जस्ता पुराना प्रविधिहरू जीवनयापनको आधार बनेको पाइन्छ । पानीलाई पाइप वा काठको ढुङ्गोबाट खसालेर पानीको गतिले घट्टको जाँतो घुमाएर अन्न पिस्ने कार्यलाई पानी घट्टका रुपमा लिइने गरेको छ ।

# वसन्त ॠतुको हिमाल आरोहण मैझारो, एक अर्ब २६ करोड राजस्व सङ्कलन

काठमाडौँ । सन् २०२६ को वसन्त ॠतुमा विश्वको सर्वोच्च शिखर सगरमाथासहित विभिन्न हिमाल आरोहण गर्ने काम मैझारो (सम्पन्न) भएको छ । सगरमाथासहित विभिन्न हिमाल आरोहणका लागि यस वर्ष एक हजार १९५ स्वदेशी तथा विदेशी आरोहीले अनुमति लिएका थिए ।

पर्यटन विभागले छ हजार ५०० मिटरभन्दा बढी उचाइ भएका हिमाल आरोहणका लागि आरोहीलाई अनुमति प्रदान गर्दै आइरहेको छ । त्यसभन्दा सानो हिमाललाई नेपाल पर्वतारोहण सङ्घ (एनएमए)ले अनुमति दिँदै आएको छ ।

यस वर्ष आरोहणका लागि अनुमति लिनेमा सबैभन्दा धेरै चीनका एक सय ५९, अमेरिकाका एक सय ५२, भारतका एक सय एक, जर्मनीका ७५, बेलायतका ७४, रसियाका ७०, नेपालका ४४, क्यानडाका ४१, पोल्यान्डका ३२, फ्रान्सका २७ जना रहेका छन् ।

पर्यटन बोर्डका सूचना अधिकारी हिमाल गौतमले यस वर्ष ३१ वटा हिमाल चढ्नका लागि एक हजार १९५ आरोहीले अनुमति लिएकामा सगरमाथा आरोहण अनुमति लिने चार सय ९५ रहेको जानकारी दिनुभयो । सगरमाथा आरोहण अनुमति लिनेमा ५६ देशका तीन सय ९० पुरुष र एक सय पाँच महिला रहेका थिए । यस वर्ष सगरमाथामा सबैभन्दा धेरै १०९ जना छिमेकी मुलुक चीनका आरोही पुगेका छन् । यसबाहेक अमेरिकाका ७७, भारतका ६१, बेलायतका ३२, रसियाका १८, अष्ट्रेलियाका १५, जापानका १४, क्यानडाका १२, नेपालका १२, आयरल्यान्डका ११ आरोही पुगेका छन् । यस वर्ष सगरमाथाको चुचुरोमा ३२औँ पटक पुगेर कामिरीता शेर्पाले विश्व कीर्तिमान कायम गर्नुभएको छ । सोलुखुम्बुका शेर्पा गत जेठ ३ गते सगरमाथा चुचुरोमा पुगेर आफ्नो रेकर्ड तोड्नुभएको हो । यस्तै, महिला आरोहीमा सङ्खुवासभा मकालुकी लाक्पा शेर्पाले ११ पटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान कायम गर्नुभएको छ । उहाँले पनि आफ्नै रेकर्ड तोड्नुभएको हो ।

सरकारले सगरमाथा आरोहण अनुमतिबाट रु एक खर्ब आठ करोड १० लाख ७२५ राजस्व सङ्कलन गरेको छ । यस्तै, लोत्से हिमालबाट रु छ करोड ६८ लाख ७१ हजार ९९०, मकालु पहिलोबाट रु तीन करोड १७ लाख ८५ हजार ८००, आमादब्लमबाट रु एक करोड ६६ लाख नौ हजार २००, कञ्चनजङ्घाबाट रु एक करोड ६५ लाख ४० हजार ५००, अन्नपूर्ण पहिलोबाट रु एक करोड २० लाख ४९ हजार १७५ राजस्व सङ्कलन भएको छ ।

यो वर्षको वसन्त ॠतुमा नेपालका विभिन्न हिमाल आरोहणको अनुमति दिएवापत सरकारले रु एक अर्ब २६ करोड ४७ लाख ४१ हजार ३०६ राजस्व सङ्कलन गरेको छ ।

# बजेटको सूचना चुहावट भएको प्रचारमा सत्यता छैनः अर्थमन्त्री वाग्ले

काठमाडौँ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले संसद्मा बजेट पेस हुनुपूर्व सूचना चुहावट भई अनियमितता भएको भन्ने प्रचारमा सत्यता नभएको बताउनुभएको छ ।

प्रतिनिधिसभा, अर्थ समितिको आजको बैठकमा आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको अनुमान (बजेट) का मुख्यमुख्य व्यवस्थाका सम्बन्धमा जवाफ दिँदै उहाँले प्रस्तावित करका दरबारे सूचना चुहावट भएर जेठ १४ गते बिवाइडी गाडी भित्रिएको भनेर आफूमाथि लगाइएको आरोप निराधार भएको स्पष्ट गर्नुभयो ।



मन्त्री डा वाग्लेले आफूविरुद्ध सङ्गठित रूपमा अफवाह फैलाइएको जिकिर गर्दै बजेट वक्तव्यमा समावेश भएका एकाध बुँदा आर्थिक विधेयकमा छुटेकाले संशोधन गरिएको स्पष्ट गर्नुभयो । प्रधानमन्त्री र अर्थमन्त्रीलाई विवादित बनाउने गलत मनसायले तथ्य र प्रमाणबिना अनावश्यक चर्चा गराइएको उहाँको भनाइ थियो । "देखिएका त्रुटि सच्च्याएर सार्वभौम सांसदको हातमा विधेयक पारेपछि कुनै परिवर्तन गरिएको छैन ।

प्रतिनिधिसभा अवरोध गरेर बजेट र मबारे सङ्गठित रूपमा अफवाह फैलाइयो, बदनाम गर्न खोजियो", अर्थमन्त्री डा वाग्लेले भन्नुभयो, "सुशासनका लागि निर्मम रूपमा अघि बढेको सरकारविरुद्ध यस्ता हिलो छ्यापेर छवि धुमिल्याउन सकिन्छ भनेर गरिएका प्रहारको भ्रममा सांसदहरू पर्नु हुँदैन ।" बैठकमा समितिका सदस्य लीमा अधिकारीले सदनमा प्रस्तुत बजेट ऐतिहासिक र रूपान्तरणकारी बजेट आएको बताउँदै मन्त्री वाग्लेको जवाफबाट धेरै विषय स्पष्ट भएको जनाउनुभयो । समितिका सदस्य नरेन्द्रकुमार केरुङले विगतमा सरकारका पालामा केही भएन भन्ने भाष्य गलत भएको बताउनुभयो ।

# युवाहरुलाई स्वरोजगार बनाउन बारिष्टा तालिम सुरु

❑ प्रत्यूष समाचारदाता

धादिङबेशी । नीलकण्ठ नगरपालिकाले युवालाई सीपमूलक तालिममार्फत स्वरोजगार तथा उद्यमशीलतामा जोड्ने उद्देश्यसहित 'युवासँग उपप्रमुख' कार्यक्रम अन्तर्गत १६० घण्टे आधारभूत कफी बनाउने (बारिस्टा) तालिम सुरु गरेको छ । एक महिनासम्म सञ्चालन हुने तालिममा नगरका विभिन्न वडाबाट छनोट भएका ८० जना युवा सहभागी रहेका छन् ।

तालिम उद्घाटन कार्यक्रममा नीलकण्ठ नगरपालिकाका प्रमुख तथा नेपाल नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुङ्गानाले युवालाई सीपयुक्त बनाउने नगरपालिकाको अभियान निरन्तर रहेको बताउनुभयो । उहाँले उद्यमशीलता विकासका लागि नगरपालिकाले सहुलियतपूर्ण ऋण, व्यवसायिक परामर्श तथा विभिन्न सीपमूलक तालिम सञ्चालन गर्दै आएको उल्लेख गर्दै तालिमपछि व्यवसाय सुरु गर्न चाहने युवालाई आवश्यक सहयोग उपलब्ध गराइने जानकारी दिनुभयो । सीप बिना वैदेशिक रोजगारीमा जानुभन्दा दक्षता हासिल गरेर जान सके युवाको भविष्य थप सुरक्षित र सम्मानजनक बन्ने उहाँको भनाइ छ ।

कार्यक्रमका अध्यक्ष तथा नगर उपप्रमुख दीपक विश्वकर्माले युवाको माग र चासोलाई सम्बोधन गर्दै प्रारम्भमा २० जनाका लागि तय गरिएको तालिमलाई विस्तार गरेर ८० जनासम्म पुऱ्याइएको बताउनुभयो । काठमाडौँ लगायतका स्थानमा १७ देखि २० हजार रुपैयाँसम्म शुल्क तिरेर लिनुपर्ने तालिम नगरपालिकाले निःशुल्क उपलब्ध गराएको उल्लेख गर्दै उहाँले तालिमलाई गम्भीरतापूर्वक लिएर सीपलाई रोजगारी तथा स्वरोजगारमा रूपान्तरण गर्न सहभागीलाई आग्रह गर्नुभयो । उहाँले नगरपालिकाले करियर काउन्सिलिङ, मनोसामाजिक परामर्श, सीप विकास तालिम, रोजगार मेला तथा युवा सहभागिता प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिँदै तालिम प्राप्त युवाको विवरण संकलन गरेर रोजगारदातासँग जोड्ने प्रयास भइरहेको बताउनुभयो ।

नगर प्रवक्ता तथा वडा नम्बर ८ का अध्यक्ष प्रकाशकुमार श्रेष्ठले बारिस्टा तालिम विश्वव्यापी रूपमा उच्च माग रहेको व्यवसायिक सीप भएको उल्लेख गर्नुभयो । तालिमले युवाको जीवनमा नयाँ अवसर थप्ने विश्वास व्यक्त गर्दै उहाँले तालिमपछिको व्यवहारिक अभ्यास र निरन्तरताले नै सफलता निर्धारण गर्ने बताउनुभयो । सो कार्यक्रमलाई सम्बोधन गर्दै वडा नम्बर ४ का वडा अध्यक्ष हरिकुमार श्रेष्ठले कफी व्यवसाय न्यून लगानीमा सञ्चालन गर्न सकिने र देशभित्र तथा विदेशमा समेत रोजगारीको राम्रो सम्भावना रहेको बताउनुभयो । युवालाई आत्मनिर्भर र व्यवसायमुखी बनाउने दिशामा नगरपालिकाको प्रयास प्रशंसनीय रहेको उहाँको भनाइ थियो ।

तालिमका प्रशिक्षकले बारिस्टा तालिम कफी बनाउने सीपमा मात्र सीमित नभई कफी खेती, उत्पादन, प्रशोधन, सेवा व्यवस्थापन तथा आतिथ्य क्षेत्रसँग सम्बन्धित ज्ञानसमेत समेटिएको जानकारी दिनुभयो । तालिमपछि होटल, क्याफे तथा कफी सपमा रोजगारीका अवसर प्राप्त गर्न सकिने उहाँले बताउनुभयो । सहभागी युवाहरूले तालिमले स्वदेशमै व्यवसाय सञ्चालन गर्न तथा विदेशमा समेत रोजगारीका अवसर सिर्जना गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् । नगरपालिकाले युवालाई सीप, रोजगार र उद्यमशीलतासँग जोड्ने लक्ष्यसहित यस किसिमको तालिमहरु संचालन गर्दै आएको छ ।

# चितवनका किसानले पाएनन् चैते धानको न्यूनतम समर्थन मूल्य

चितवन । यहाँका किसानले राज्यले तोकेका चैते धानको समर्थन मूल्य पाउन सकेका छैनन् ।

साना किसान कृषि सहकारी संस्था लि का अध्यक्ष रामशरण पाठकको एक हजार हेक्टर क्षेत्रफलमा लगाइएको धानले समर्थन मूल्य पाउन नसकेको बताउनुभयो ।

पूर्वी चितवनको खैरहनी नगरपालिकामा रहेको साना किसान कृषि सहकारी संस्था लि का अधिकांश किसानले समर्थन मूल्य नपाएका हुन् । समर्थन मूल्यसमेत नपाएपछि भने किसान दुःखी भएका छन् ।

भरतपुर महानगरपालिका-२८, राप्ती कृषि तथा पशुपालन समूहका सचिव रञ्जीत पौडेलले किसानले समर्थन मूल्य नपाउँदा किसान निरासा भएको बताउनुहुन्छ । जिल्लामा चैते ५, हर्दिनाथ १, पिआर, टाइचिन जातका चैते धान खेती गरिएको थियो ।

भरतपुर महानगरपालिका वडा नं २८ मा रहेको राप्ती कृषि तथा पशुपालन समूहका सचिव रञ्जीत पौडेल समर्थन मूल्य नपाउँदा किसानलाई मर्का परेको बताउनुहुन्छ । कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेलले चैते धानको समर्थन मूल्य तोक्न सरकारले ढिलाइ गरेको बताउनुहुन्छ । यस वर्ष चितवनमा नौ हजार हेक्टर क्षेत्रफलमा चैते धान लगाइएको छ ।

# भन्सार छलेका रु ४१ लाख बढीका सामान बरामद

लुम्बिनी । रुपन्देही प्रहरीले जिल्लाको भैरहवामा एक व्यापारीको गोदामबाट मङ्गलबार खानतलासी गर्दा भन्सार छलेका विभिन्न सामान बरामद गरेको छ । सामानहरू लुकाइछिपाई राखिएको सूचनाका आधारमा छापा मार्दा प्रहरीले भन्सार छलेका सामान बरामद गरेको हो । सिद्धार्थनगर नगरपालिका-१ बेलहियास्थित कोठीमाई पथमा रहेको एक व्यापारीको गोदाममा खानतलासी गर्दा भन्सार छलेका रु ४१ लाख ३२ हजार २२४ मूल्यबराबरका विभिन्न सामान बरामद गरेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्देले जानकारी दिनुभयो । खानतलासी गर्दा रु २३ लाख ३२ हजारबराबरको ५३ बोरा खरबुजाको बीउ, रु पाँच लाख ७० हजार २४० मूल्यबराबरको ४४ कार्टुन कोलगेट, रु ११ लाख ३५ हजार मूल्यबराबरको २२७ बोरा ओखर, रु ९५ हजार मूल्यबराबरको ३८ बोरा मकै बरामद गरिएको हो ।

# सेवा प्रवाहलाई नागरिकमैत्री र भ्रष्टाचाररहित बनाउने धादिङकी प्रजिअ पाण्डेको प्रतिबद्धता

*प्रत्यूष समाचारदाता*



काठमाडौँ। धादिङमा भर्खरै सरुवा भएर आउनुभएकी प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेले जिल्लाको सेवा प्रवाहलाई चुस्त, नागरिकमैत्री, निष्पक्ष र भ्रष्टाचाररहित बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । मंगलबार सञ्चारकर्मीहरूसँगको परिचयात्मक कार्यक्रममा बोल्दै उहाँले जिल्ला प्रशासन कार्यालय लगायत सम्पूर्ण सरकारी र सुरक्षा निकायको कामकारबाही सुधार्न पत्रकारहरूको रचनात्मक सुझावको अपेक्षा गरेको बताउनुभयो ।

जिल्लाको भौगोलिक अवस्था र व्यावसायिक संवेदनशीलतालाई औँल्याउँदै प्रजिअ पाण्डेले बजार, यातायात, नदीजन्य पदार्थ र क्रसर उद्योगहरूमा संयुक्त अनुगमन गरिने जानकारी दिनुभयो । गुनासो आएका स्थानमा सुरक्षा निकाय र सरोकारवालाहरूसँगको सहकार्यमा तत्काल अनुगमन टोली परिचालन गरिने उहाँको भनाइ छ ।

साथै, जिल्लाको समग्र विकास निर्माण र शान्ति सुरक्षा कायम गर्नका लागि अधिकार र स्रोतसाधन सम्पन्न स्थानीय तहहरूसँग प्रशासनले निरन्तर समन्वयकारी भूमिका निर्वाह गर्ने उहाँले स्पष्ट पार्नुभयो। धादिङका पत्रकारहरु संग पहिलो पटक अन्तर्क्रिया गर्दै प्रजिअ पाण्डेले सूचना प्रवाह र प्रशासनिक सहजीकरणका लागि आफु प्रतिवद्ध रहेको बताउनु भयो। जिल्ला स्थित सरकारी कार्यालयको सेवा प्रवाहलाई चुस्त( दुरुस्त, भ्रष्टाचाररहित, निष्पक्ष र नागरिकमैत्री बनाउन सरोकारवाला निकायहरु संग समन्वय गरेर अगाडी बढ्ने उहाँको धारणा थियो ।

रुबी उत्खनन् आयोजनाको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिबेदन तयारी सम्बन्धि

## सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०२/२८**

बागमती प्रदेश धादिङ जिल्ला, रुबी भ्याली गाउँपालिका-०५ रुहिल क्षेत्रमा अर्कचन्द्र रुबिज एण्ड मिनरल्स प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : अर्कचन्द्र रुबिज एण्ड मिनरल्स प्रा. लि.<br>ठेगना : महालक्ष्मी न.पा.-०१, ललितपुर जिल्ला, बागमती प्रदेश<br>फोन न.ः ९८२३७८६३९२/९८४३७०१६१४ |
| प्रस्तावको व्यहोरा | रुबी उत्खनन् आयोजना सम्बन्धमा<br>(दैनिक २९१.६ ग्राम र वार्षिक ५२,४८८ ग्राम उत्पादन, वार्षिक कार्यदिन-१८०, उत्खनन् विधि- भूमिगत उत्खनन् विधि) |
| आयोजनाले प्रभाव पार्न सक्ने क्षेत्र | बागमती प्रदेश, धादिङ जिल्ला, रुबी भ्याली गाउँपालिका-०५, (टोपोसिट न. २८८५ १३, उचाई बिन्दु ४२१० मि. नियामक पूर्व ६०१६७५.०० मि. र उत्तर ३१२५८६०.०० मि. लाई मूल चिन्ह मानी सो बाट पूर्व-१३२५.० मि., पश्चिम-६७५.० मि. उत्तर- ११४०.० मि. र दक्षिण- १३६०.० मि. जम्मा क्षेत्र ५.० वर्ग कि.मि. क्षेत्र) रुहिल क्षेत्र र यस आसपासका क्षेत्र |

माथी उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पार्दछ भनि यकिन गर्न सो स्थानको गाउँपालिका तथा आयोजना स्थल वरपरको विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले वातावरण संरक्षण नियामावली २०७७ नियम ७ को उपनियम (२) सँग सम्बन्धित अनुसूची-९ बमोजिम यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझाबको लागि पत्राचार गर्ने ठेगाना :

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : अर्कचन्द्र रुबिज एण्ड मिनरल्स प्रा. लि.<br>ठेगना : महालक्ष्मी न.पा.-०१, ललितपुर जिल्ला, बागमती प्रदेश<br>फोन न.: ९८२३७८६३९२/९८४३७०१६१४<br>e-mail: arkaandchandra@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | साईन्टिफिक रिसर्च सर्भिस प्रा.लि.<br>ठेगाना : का.म.न.पा.-११, काठमाडौं, बागमती प्रदेश, नेपाल<br>e-mail:info@srsofc.com पोब न. ५१५०, काठमाडौं फोन न ०१-५९१९०८९/ ९८५११८६१२३ |
| सम्बन्धित स्थानीय तह | रुबी भ्याली गाउँपालिका, गाउकार्यपालिकको कार्यालय, सेर्तुङ, धादिङ जिल्ला, बागमती प्रदेश |


## डेङ्गुको सङ्क्रमणदर घटाउन

# ‘सफा शुक्रबार’ कार्यक्रम सञ्चालन गर्ने सरकारको तयारी

काठमाडौँ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले तयार पारेको डेङ्गु रोकथाम तथा नियन्त्रण बहुक्षेत्रीय योजनामा आगामी पाँच वर्षभित्र सङ्घीय, प्रदेश र स्थानीय सरकारका सबै निकाय क्षेत्रलाई डेङ्गु नियन्त्रण र रोकथाममा सहभागी गराएर लक्ष्य प्राप्ति गरिने उल्लेख छ ।

डेङ्गुबाट हुने मृत्युदर ०.०१ प्रतिशतभन्दा कम गर्ने लक्ष्य सरकारको रहेको छ । यसका साथै योजनाअन्तर्गत डेङ्गुका गम्भीर परिणाम न्यून गर्न विशेष पहल गरिने मन्त्रालयले जनाएको छ ।

लक्ष्य प्राप्तिका लागि सरकारले सबै संयन्त्र प्रयोग गरेर रोगको फैलावट निगरानी गर्नेछ। साथमा जोखिमपूर्ण क्षेत्रका जनतालाई डेङ्गु बोकेको लामखुट्टे उक्त क्षेत्रमा पस्नुअघि नै सचेत गराउने ‘पूर्वचेतावनी प्रणाली’ सुदृढ गर्नेछ ।

साथै डेङ्गुवाहक लामखुट्टेको प्रवेश भएको थाहा हुनासाथ प्रतिकार्यमा सक्रिय गराउन ‘एकीकृतवाहक निगरानी प्रणाली’ लाई प्रभावकारी तथा दिगो बनाउने लक्ष्य पनि सरकारको छ । यसबाहेक रोगको जोखिम कम गर्न यसबारे सञ्चारलाई समेत प्रभावकारी बनाउने लक्ष्य सरकारको छ।

योजनाअन्तर्गत सरसफाइ बढाएर लामखुट्टेको प्रजनन क्षमता नष्ट गर्ने र त्यसका लागि हरेक साता विशेष सरसफाइ गर्ने गरी ‘सफा शुक्रबार’ कार्यक्रम सञ्चालन गर्ने योजना पनि सरकारको छ ।

यसैगरी, विभिन्न जोखिमपूर्ण क्षेत्रमा शून्य ‘सहिष्णुता क्षेत्र’ घोषणा गर्ने र पार्कलगायत क्षेत्रमा पानीको फोहोरा, पोखरी आदि डेङ्गुवाहक लामखुट्टे हुर्किने खतरा भएका स्थानमा सरसफाइलाई कडाइसाथ लागू गर्ने तथा आम उपभोक्तामा ट्याङ्कीमा पानी भण्डारन गर्नुको साटो पाइपको पानी उपभोग गर्ने प्रवृत्ति बढाउन विशेष व्यवस्था गर्ने नीति पनि सरकारले लिनेछ ।

यसैगरी, जलाशयहरूमा लार्भा खाने माछाको सङ्ख्या बढाउने र अति आवश्यक स्थानमा लामखुट्टे नष्ट गराउने रसायन छर्किनेसम्मका गतिविधि गर्ने कुरा योजनामा छ ।

विश्वव्यापी तापक्रम बढेसँगै केही वर्षअघि सम्म तराईमा मात्र देखिने डेङ्गु गत वर्ष देशका ७७ वटै जिल्लामा देखिएको थियो ।

यस वर्ष पनि हालसम्म ६८ वटा जिल्लामा गरी ९१५ जनामा डेङ्गु देखिएको छ। यसमा एक जनाको मृत्यु भएको छ।

कीटजन्य रोग शाखाका वरिष्ठ स्वास्थ्य प्रशासक डा गोकर्ण दाहालका अनुसार विगत तीन वर्षयता मनसुनसँगै डेङ्गु सङ्क्रमितको सङ्ख्यामा वृद्धि भई कतिपय जिल्लामा प्रकोपका रुपमा देखा परिरहेको छ। विगत पाँच महिनामा (सन् २०२६ को जनवरी देखि) यता सुनसरी, चितवन, काठमाडौँ, झापा, मोरङ, रुपन्देही, कञ्चनपुर, मकवानपुर, ओखलढुङ्गा सिन्धुलीमा डेङ्गु देखिएको जानकारी पनि उहाँले दिनुभयो ।

रोग फैलिन नदिन सरकारले इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको निर्देशकको नेतृत्वमा राष्ट्रिय ‘डेङ्गु टास्क फोर्स’ गठन गरेको छ ।

महाशाखाको नियमित अनुगमन र निगरानीका आधारमा पुस २०८२ यता बिरामी बढेका १९ स्थानीय तहलाई सतर्क रहँदै रोकथामका आवश्यक क्रियाकलाप सञ्चालन गर्न परिपत्र गरिएको र थप १० स्थानीय तहलाई परिपत्र गर्ने तयारी भइरहेको जानकारी पनि उहाँले दिनुभयो।

स्वास्थ्य सेवा विभागका निमित्त महानिर्देशक डा अनुज भट्टचनका अनुसार पत्ता लगाउने द्रुत परीक्षण कीट स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखामा आठ हजार वटा रहेको र थप ३० हजार कीट खरिद प्रक्रिया अन्तिम चरणमा रहेको छ।

साथै डेङ्गी निदान तथा केस व्यवस्थापनसम्बन्धी स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धिका लागि ‘भर्चुअल’ तथा भौतिक माध्यमबाट तालिम तथा अभिमुखीकरण गर्ने योजना रहेको पनि उहाँले दिनुभयो ।

सरकारले डेङ्गीबाट हुने मृत्युको जोखिमलाई कम गर्नका लागि, निजी तथा सरकारी अस्पतालका एक हजार ७०० भन्दा बढी चिकित्सक तथा स्वास्थ्यकर्मीलाई डेङ्गी रोगको राष्ट्रिय उपचार पद्धतिका बारेमा अभिमुखीकरण गरी अस्पताललाई तयारी हालतमा राखिएको जानकारी पनि डा दाहालले दिनुभयो ।

यसैगरी, स्थानीय स्तरमा डेङ्गी रोकथाम तथा नियन्त्रणका लागि श्रावण महिनालाई ‘डेङ्गी सचेतना महिना’का रूपमा मनाउने योजनाअन्तर्गत लामखुट्टेको बासस्थान खोजी, लार्भा खोज तथा नष्ट अभियान, बहु-क्षेत्रीय समन्वय र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने तयारी पनि सरकारको छ ।

यसका लागि चालु आर्थिक वर्ष ०८२/८३ मा ४५० स्थानीय तह र ७७ जिल्लामा डेङ्गी सार्ने लामखुट्टेको बासस्थान खोज तथा नष्ट गर्ने अभियानका लागि पाँच करोडभन्दा बढी बजेट विनियोजन गरिएको छ ।

डेङ्गु रोकथाम र नियन्त्रणका लागि व्यापक समुदाय परिचालन र बहुक्षेत्रीय संलग्नता आवश्यक पर्ने जनाउँदै उहाँ भन्नुभयो, “स्वास्थ्य क्षेत्रको एकल प्रयासले मात्र डेङ्गी नियन्त्रणका कार्यलाई प्रभावकारी बनाउन सम्भव हुँदैन ।”

# अमेरिका पठाउने बहानामा ३८ लाख ठगी गर्ने महिला पक्राउ

काठमाडौँ । अमेरिका पठाउने बहानामा ३८ लाख ५० हजार ठगी गर्ने एक महिलालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले अमेरिका पठाउने बहानामा सो रकम ठगी गर्ने रोल्पाकी ५४ वर्षीया निर्मलाकुमारी श्रेष्ठलाई पक्राउ गरी सार्वजनिक गरेको हो। बेरोजगार युवायुवतीलाई अमेरिकामा आकर्षक तलब हुने रोजगारी दिलाइदिने भन्दै प्रलोभनमा पारेर ठगी गरेको आरोपमा पक्राउ गरिएको हो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा–३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०–५२१४३०, ०१०–५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com